आज मिति २०७६ साल पौष ०२ गते बुधवारको दिन दिउँसो २:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | — | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | — | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | — | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री तेज बहादुर शाही | का.वा. १३ अध्यक्ष | — | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७६।०९।०२ गतेको वैठकका निर्णय

प्रस्तावहरु

१. आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको स्थान सम्वन्धमा ।

२. वडा कार्यालयको भवन निर्माणको स्थान गर्ने सम्वन्धमा ।

३. समपुरक रकमको सम्वन्धि आयोजना सम्वन्धमा ।

४. दोश्रो नगर प्रमुख खेलकुद प्रतियोगिता सञ्चालन सम्वन्धमा ।

५. हाटबजार निर्माण गर्ने सम्वन्धमा ।

६. आर्थिक सहायता सम्वन्धमा ।

७. नमुना वस्ती विकास कार्यक्रम सम्वन्धमा ।

८. नलगाड नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७६ सम्वन्धमा ।

९. वस्ती टोल स्तरबाट योजना छनौट सम्वन्धमा ।

१०. स्थानीय पूर्वाधार विकास ऐन २०७६ को मस्यौदा समिति सम्वन्धमा ।

११. दोश्रो नलगाड साँस्कृतिक महोत्सव सम्वन्धमा ।

१२. प्रधानमंत्री रोजगार कार्यक्रमको लागि आयोजना सम्वन्धमा ।

१३. अनुगमन निरिक्षण विनियोजन सम्वन्धमा ।

१४. आर्थिक सहायता सम्वन्धमा ।

१५. अनुरोध गर्ने सम्वन्धमा ।

१६. प्रर्यटन प्रर्वद्धन समिति गठन सम्वन्धमा ।

१७. सडक वोर्डबाट प्राप्त रकमको आयोजना छनौट सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १:** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्ष २०७६।७७ मा यस नलगाड नगरपालिकाको तपशिलको स्थानहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्रको स्थापना गरि भवन निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | विवरण | क्षेत्र/स्थान | कैफियत |
|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वडा नं. १, अनापानी | |
| २. | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वडा नं. ४, खाल्चौर | |
| ३. | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वडा नं. ५, सिर्के | |
| ४. | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वडा नं. ६, माझमेला | |
| ५. | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वडा नं. ८, जिकुवा | |
| ६. | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वडा नं. ९, तान्त्र | |
| ७. | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वडा नं. १०, ध्यारगाउँ | |
| ८. | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | वडा नं. १२, तल्लुवगर | |

**निर्णय नं. २:** नलगाड नगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्ष २०७६।७७ मा नलगाड नगरपालिकाको तपशिलको स्थानहरुमा वडा कार्यालयहरुको भवन निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | विवरण | क्षेत्र/स्थान | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | वडा नं. १, अनापानी | |
| २. | वडा कार्यालय भवन निर्माण | वडा नं. २, रिजा | |
| ३. | वडा कार्यालय भवन निर्माण | वडा नं. ४, खाल्चौर | |
| ४. | वडा कार्यालय भवन निर्माण | वडा नं. ५, रानीगाउँ | |
| ५. | वडा कार्यालय भवन निर्माण | वडा नं. ६, सिंगारा | |
| ६. | वडा कार्यालय भवन निर्माण | वडा नं. १२, तल्लुवगर | |

**निर्णय नं. ३** : कर्णाली प्रदेश सरकार (आर्थिक मामिला तथा योजना मन्त्रालय) बाट आर्थिक बर्ष २०७६।७७ समपुरक अनुदान वापत प्राप्त नलगाड नगरपालिका वडा नं. ४ को **श्री जनता प्रा.वि. तिलचौरको** भवन निर्माण योजनालाई २ वर्षे आयोजनाको रुपमा कार्यान्वयन गर्ने गरि नलगाड

नगरपालिकाबाट आर्थिक वर्ष २०७६।७७ मां समपुरक रकम शीर्षकबाट म्याचिंग स्वरुप रु. १०,००,०००।० अक्षरुपी दश लाख बजेट विनियोजन गर्ने र उक्त आयोजना सम्पन्न गर्न बाँकी रकम रु. ५३,७५,००० अक्षरुपी त्रिपन्न लाख पचहत्तर हजार रकम आर्थिक वर्ष २०७७।७८ को बार्षिक बजेटबाट विनियोजन गर्ने गरी कार्यान्वयन सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | आयोजनाको नाम | कर्णाली प्रदेश आ.व. २०७६।७७ | नगरपालिका आ.व. २०७६।७७ | नगरपालिका आ.व. २०७७।७८ | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | श्री जनता प्रा.वि. पीपलचौर भवन निर्माण योजना नलगाड नगरपालिका वडा नं. ४, जाजरकोट । | ६३७५००० | १०,००,००० | ५३७५००० | १२७५०००० |

**निर्णय नं. ४ :** यस नलगाड नगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्ष २०७६।७७ मा सञ्चालन हुने दोश्रो नगर प्रमुख खेलकुद प्रतियोगिता मिति २०७६।११।१२ देखि २०७६।११।१५ सम्म भानुभक्त मा.वि. लहँमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५ :** नलगाड नगरपालिका वडा नं. ७ मा रहेको सान्नैगौडीमा रहेको अन्दाजी २० रोपनीको सार्वजनिक जग्गामा हाड बजारको भवन निर्माण गर्न अनुमति प्रदान गर्ने तथा भवन निर्माणको म्याचिंग रकमको लागि कृषि क्षेत्र विकास कार्यक्रम संग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६ :** नलगाड नगरपालिकाको आकष्मिक कोषबाट तपशिल बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता वापत रकम उपलव्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | व्यक्तिहरुको नामथर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पुर्ण बहादुर खड्का | नलगाड न.पा. ६ जाजरकोट | २०,००० | |
| २. | नर बहादुर नेपाली | नलगाड न.पा. ८ जाजरकोट | २०,००० | |
| ३. | बास्मती परियार | नलगाड न.पा. १ जाजरकोट | २०,००० | |
| | जम्मा रु. | | ६०,००० | |

**निर्णय नं. ७ :** नलगाड नगरपालिकाबाट आ.व. २०७५।७६ मा सञ्चालित नुमना वस्ती विकास कार्यक्रमको प्रगति प्रतिवेदन बारे छलफल गरी पारित गर्ने साथै आर्थिक वर्ष २०७६।७७ मा विनियोजन गरिएको सोही शीर्षकको रकमबाट रु. २६,००,०००।० अक्षरुपी छब्विस लाखबाट नलगाड नगरपालिका वडा नं. १ देखि १३ सम्मको छनौट भएका नमुना बस्तीहरुमा तपशिल बमोजिमको कार्यक्रम सञ्चालन गर्न स्थानीय आमा समुह, महिला समुह, संघसंस्था, युवा वर्ग तथा वडा समितिलाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क.स. | आयोजनाको नाम | प्रति वडा रु. | १३ वडामा जम्मा रु. | कैफियत |
|---|---|---|---|---|
| १. | मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्वन्धी कार्यक्रम | ६०,००० | ७,८०,००० | |
| २. | सरसफाई सम्वन्धी कार्यक्रम | ६०,००० | ७,८०,००० | |
| ३. | अन्य चेतनामुलक कार्यक्रम | ८०,००० | १०,४०,००० | |
| | **कुल जम्मा रु.** | **२,००,०००** | **२६,००,०००** | |

**निर्णय नं. ८:** नलगाड नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७६ सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** यस नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ को लागि छनौट भई कार्यान्वयन हुने आयोजनाहरु मिति २०७६।१०।०१ गते देखि बस्ती टोलस्तरबाट छनौट कार्य प्रारम्भ गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १० :** नलगाड नगरपालिकाको विकास निर्माण सम्वन्धि मापदण्डमा एकरुपता कायम गर्न नलगाड नगरपालिका स्थानीय पूर्वाधार विकास व्यवस्थापन ऐन २०७६ को मस्यौदा तयार गर्न तपशिल बमोजिम ३ सदस्यीय मस्यौदा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

- लक्ष्मी बहादुर रावल -संयोजक
- तारादेवि पुन -सदस्य

- भद्र बहादुर ध्यार -सदस्य

**निर्णय नं. ११ :** यस नगरपालिका क्षेत्रका स्थानीय कला, संस्कृति तथा प्रतिभाहरुको पहिचान गरि संरक्षण तथा संम्वर्द्धन गर्न दोश्रो नलगाड सांस्कृतिक महोत्सव मिति २०७६।११।०१ देखि मिति २०७६।११।०३ सम्म नलगाड न.पा. वडा नं. ७ मा गर्ने र उक्त महोत्सव सञ्चालनको अधिकार उद्योग बाणिज्य संघ लहँ कालीमाटीलाई दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२ :** नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं. ६४ मिति २०७६।०७।२६ गतेको प्राप्त पत्र र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६।०८।१२ को पत्रमा प्रधानमंन्त्री रोजगार कार्यक्रमको लागि प्रस्ताव माग भएकोमा यस नगरपालिकाबाट तपशिल बमोजिमको आयोजनाहरु छनौट गरि सम्वन्धित निकायमा बजेट विनियोजनको लागि अनुरोध सहित पठाउने सर्वसम्मत निर्णय गरीयो ।

| क्र.स. | योजनाको नाम | स्थान | अनुमानित रु. | लाभग्राही |
|---|---|---|---|---|
| १ | भेरीखोला चोकखोला सिचाई मर्मत योजना | वडा नं. १ | १५००००० | २५०० |
| २. | आब्राखोला सिंचाई निर्माण योजना (म्याचिंग) | वडा नं. २ | २५००००० | ४०० |
| ३. | बाँस्कोटी कट्के सडक निर्माण योजना | वडा नं. ३ | २५००००० | १५०० |
| ४. | हिमालय प्रा.वि.भातचिउरा भवन निर्माण योजना | वडा नं. ४ | २५००००० | ३५० |
| ५. | ईन्द्रधनुष प्रा.वि. भवन निर्माण योजना | वडा नं. ५ | २५००००० | ५०० |
| ६. | थारदुला देखि वडा कार्यालयसम्म सडक निर्माण योजना | वडा नं. ६ | ३०००००० | १००० |
| ७. | तितेचिउरी खालगैरा खानेपानी मर्मत योजना | वडा नं. ७ | १५००००० | ४०० |
| ८. | घरंगा देखि चौर पदमार्ग निर्माण योजना | वडा नं. ९ | १०००००० | १५०० |
| ९. | कालापानी हुदै रावतगाउँ पदमार्ग निर्माण योजना | वडा नं. १० | २३००००० | १००० |
| १०. | भेरीखोला देखि बागमारे पाल्ला पुदु पदमार्ग निर्माण | वडा नं. ११ | २४००००० | ९०० |
| ११. | ने.रा.मा.वि.भवन निर्माण योजना | वडा नं. १२ | १५००००० | १००० |
| १२ | जनप्रिय प्रा.वि. भवन निर्माण योजना | वडा नं. ६ | २५००००० | ६०० |

**निर्णय नं. १३ :** मिति २०७६।०८।१७ गते नलगाड नगरपालिका स्थित नलगाड हाईड्रोपावरको अवलोकलन गर्न माननीय उर्जा जलश्रोत तथा सिचाई मन्त्री बर्षमान पुन, माननिय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेत, माननीय कर्णाली प्रदेश मुख्यमन्त्री महेन्द्र बहादुर शाही लगायत अन्य विशिष्ट व्यक्तित्वहरुको मञ्च स्थापना तथा अतिथिहरुको सत्कार खर्च वापतको रु. १,५०,०००।० अक्षरुपी एकलाख पचास हजारमात्र रकम अथिति सत्कार शीर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४ :** नलगाड नगरपालिका वडा नं. १२ बस्ने हरि बहादुर विष्टलाई अध्ययन प्रोत्साहनको लागि अपांग पुर्नस्थापना कोषबाट रु. १२,०००।० अक्षरुपी बाह्र हजार मात्र आर्थिक सहायता उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १५ :** नलगाड नगरपालिका वडा नं. १२ को झोलुंगे पुल मर्मत सम्भारको लागि हेल्भेटास झो.पु. शाखासंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १६ :** नेपाल पर्यटन वर्ष २०२० लाई सफल बनाउन नलगाड नगरपालिकामा तपशिल बमोजिमको पर्यटन प्रर्वद्दन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

- टेक बहादुर रावल (नगर प्रमुख) -संयोजक
- बाल कुमारी बस्नेत (उप प्रमुख) -सदस्य
- सुरेन्द्र सिंह (नि.प्रमुख प्रशासकीय अधिकृत) -सदस्य
- विष्णु वि.क. (वडा अध्यक्ष वडा नं. ९) -सदस्य
- अस्मिता वि.क. (कार्यपालिका सदस्य) -सदस्य
- लाल बहादुर खत्री (वडा अध्यक्ष वडा नं.१२) -सदस्य
- अर्जुन बहादुर सिंह (वडा अध्यक्ष वडा नं.७) -सदस्य
- जीत बहादुर मल्ल (वडा अध्यक्ष वडा नं.११) -सदस्य
- रुपा कुमारी ध्यार (कार्यपालिका सदस्य) -सदस्य
- पृथ्वी बहादुर शाही (उद्योग वाणिज्य संघ) -सदस्य
- राज कुमार खत्री (होटल व्यवसायी संघ) -सदस्य
- विभिन्न राजनितीक दलका प्रतिनिधि -सदस्य

**निर्णय नं. १७ :** सडक वोर्ड नेपालबाट आर्थिक बर्ष २०७६।७७ सडक मर्मतको लागि प्राप्त आयोजनाबाट नलगाड नगरपालिका वडा नं. ४ को बाउसेखोला देखि खाल्चौर सम्मको सडक मर्मत

**योजना** छनौट गरि उक्त आयोजनाको लागि यस नलगाड नगरपालिकाको समपुरक रकमबाट म्याचिंग स्वरुप रु. १२,००,०००।० अक्षरुपी बाह्र लाख बजेट विनियोजन गर्ने र उक्त आयोजना स्थानीय उपभोक्ता समितिबाट निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | आयोजनाको नाम | सडक वोर्ड नेपाल अनुदान रु. | नलगाड नगरपालिका अनुदान रु. | कुल अनुदान रु. |
|---|---|---|---|---|
| १. | बाउसेखोला देखि खाल्चौर सम्मको सडक मर्मत तथा निर्माण योजना नलगाड न.पा. ४ जाजरकोट । | २०,००,००० | १२,००,००० | ३२,००,००० |